# शिक्षा शास्त्र केन्द्रीय विभाग
# त्रि.वि., कीर्तिपुर
# आ.व. २०७९/०८० को बार्षिक प्रतिवेदन

१) सन् १९५६ मा कलेज अफ एजुकेशनको रुपमा स्थापित शिक्षाशास्त्र केन्द्रीय विभाग सन् १९५९ मा त्रिभुवन विश्वविद्यालयको स्थापना पछि विधिवत रुपमा शिक्षाशास्त्र संकाय अन्तर्गत सञ्चालन हुँदै आएको छ। नेपालको शैक्षिक क्षेत्रको जनशक्ति उत्पादनमा एकल र अहम् भुमिका निर्वाह गर्दै आएको यस केन्द्रीय विभागले नेपालको राजनैतिक परिवर्तनसगै हुने गरेको नीतिगत परिवर्तन र त्रिभुवन विश्व विद्यालयको शैक्षिक, भौतिक तथा मानविय जनशक्ति व्यवस्थापनका पहल कदमीबाट परोक्ष अपरोक्ष रुपमा प्रभावावित भै आफ्ना शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । दक्ष तथा तालिम प्राप्त शिक्षक उत्पादन गर्ने मुख्य लक्ष्यका साथ स्नातकोत्तर तहको अध्ययन अध्यापन कार्य सञ्चालित विभागको मुख्य शैक्षिक कार्यक्रम हो भने यसका अतिरिक्त विदेशी विश्व विद्यालय, नेपाल सरकार लगायत शैक्षिक क्षेत्रमा क्रियाशील संघ संस्थासँगको साझेदारी, सहयोग र सहभागीतामा विभिन्न किसिमका अनुसन्धान, प्रशिक्षण, तालिम तथा गोष्ठीहरु सञ्चालन गर्दै आएको छ । विगतका वर्षहरुमा अत्याधिक विद्यार्थी चाप खेपिरहेका यस केन्द्रीय विभागले त्रि.वि. ले अङ्गिकार गरेको सेमेष्टर प्रणाली लागू पछि विद्यार्थी संख्या क्रमिक रुपमा घट्दै गएको स्थिति छ। विभागमा पठन पाठन हुने १६ वटा विषयहरु चार वटा सेमेष्टरमा स्नातकोत्तर तहको पठन पाठन गर्न ११० जना शिक्षक तथा ३५ जना कर्मचारी, दुई वटा भवनका १०० वटा कोठा विभिन्न प्रयोजनका लागि प्रयोग भैरहेका छन ।

२) आ.व. २०७९/०८० मा शिक्षाशास्त्र केन्द्रीय विभागले सम्पादन गरेका प्राज्ञिक, भौतिक, पूर्वाधार निर्माण, मर्मत तथा अन्य कार्यको वार्षिक प्रतिवेदन निम्नानुसार छ ।

३) आ.व. २०७९/०८० मा सञ्चालनमा रहेका विषयगत विभाग अन्तर्गतका चारवटा सेमेष्टरमा अध्ययनरत विद्यार्थी विवरण तालिका १ मा देखाइएको छ ।

तालिका :- १ आ.व. २०७९/०८० को सेमेष्टर अनुसार विद्यार्थी संख्या

| क्र.सं. | सेमेष्टर | छात्रा | छात्र | जम्मा | ड्रपआउट अनुपात | उर्त्तिण |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | १८६ | १७८ | ३६४ | | ७५ |
| २ | दोस्रो | १६३ | १२५ | २८८ | १८२ | १०८ |
| ३ | तेस्रो | १४४ | १०४ | २४८ | ४० | |
| ४ | चौथो | १४२ | ७२ | १४६ | ९२ | १८२ |
| ५ | पुरानो चौथो | | | | | २२५ |

शैक्षिक सत्र आ.व. २०७८/०७९ मा भर्ना भएका विद्यार्थीहरु हाल तेस्रो सेमेष्टरमा पुग्दा कुल विद्यार्थी भर्ना संख्या पहिलो सेमेष्टरको अनुपातमा दोस्रो सेमेष्टरको परिक्षामा जम्मा २८८ सम्मिलित भए भने हाल तेस्रो

सेमेष्टरमा जम्मा २४० विद्यार्थी भर्ना भै पठन पाठनमा समावेश छन । त्यस्तै शैक्षिक सत्र २०७७/०७८ मा भर्ना भएका विद्यार्थीहरुमध्ये जम्मा १४६ मात्र चौथो सेमेष्टरको परीक्षामा समावेश भएका छन ।

शैक्षिक सत्र २०७९/०८० मा भर्ना भएका कूल विद्यार्थी ३७३ मध्ये ९ जनाले भर्ना रद्द गरी हाल ३६४ जना विद्यार्थी अध्ययनरत छन ।

४) आ.व. २०७९/०८० मा प्रकाशित परीक्षा फलको नतिजामा विभागबाट उर्त्तिण विद्यार्थीहरुको संख्या सेमेष्टर अनुसार तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका :- २ आ.व. २०७९/०८० मा प्रकाशित परीक्षाफलको नतिजा विवरण

| क्र.सं. | सेमेष्टर | उर्त्तिण संख्या | अनुर्त्तिण संख्या |
|---|---|---|---|
| १ | प्रथम | ७५ | २८९ |
| २ | दोस्रो | १०८ | १२६ |
| ३ | तेस्रो | | |
| ४ | चौथो | १८२ | ४४ |
| ५ | पुरानो चौथो | २२५ | ५७ |

तालिका :- ३ आ.व. २०७९/०८० मा वितरण गरिएको छात्रवृत्ति विवरण

| क्र.सं. | सेमेष्टर | छात्रवृत्तिको किसिम | छात्रवृत्ति पाउने | | जम्मा |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | |
| १ | प्रथम | जेहेन्दार, खुल्ला आरक्षित कोटा | ३८ | ३७ | ७५ |
| २ | दोस्रो | जेहेन्दार, खुल्ला आरक्षित कोटा | ३० | ३४ | ६४ |
| ३ | तेस्रो | जेहेन्दार, खुल्ला आरक्षित कोटा | ३०, ३१ | २१, २२ | |
| ४ | चौथो | जेहेन्दार, खुल्ला आरक्षित कोटा | ३२ | १९ | ५१ |

५) आ.व. २०७९/०८० मा विभाग अन्तर्गत रहेको अनुसन्धान व्यवस्थापन युनिटले सञ्चालन गरेको लघु अनुसन्धानको विवरण तालिका ४ मा दिएको छ ।

तालिका :- ४ आ.व. २०७९/०८० मा प्रदान गरिएको लघु अनुसन्धान कार्यक्रमको विवरण

कार्यक्रमको विवरण

| क्र.सं. | लघु अनुसन्धानको शिर्षक | प्राप्त गर्ने शिक्षक | प्रदान गरिएको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | **Decision Making Procedures of Community School in Kathmandu Valley** | सहप्रा.डा. रविन्द्र सिवाकोटी | १२,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| २ | एट्लान्टिक उपन्यासमा विचलन र समानान्तरता | डा. केशव भुषाल | १२,०००/- | |
| ३ | **Impact of Workshop Assisted Language Teaching in In-Depth Learning of English Among Higher Level Students in Nepal** | डा. हरिमाया शर्मा | १२,०००/- | |
| ४ | **Equal Participation in Level Curriculum Development : An Inclusion of Execlusion** | उपप्रा. देविप्रसाद भट्टराई | १२,०००/- | |

६) आ.व. २०७९/०८० मा विभाग अन्तर्गत प्रकाशित **Journal** को विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ।

तालिका :- ५ आ.व. २०७९/०८० मा प्रकाशित जर्नलको विवरण

| क्र.सं. | जर्नलको नाम | (No) | ISSN | Nep. Jol मा प्राप्त |
|---|---|---|---|---|
| १ | **The Third Pole** | 22 | ISSN:2392-4322 | प्राप्त |
| २ | **Interdisciplinary Research in Education** | 7 | ISSN:2676-1483 | प्राप्त |
| ३ | सम्प्रेषण | 8 | | |
| ४ | | | | |

७) आ.व. २०७९/०८० मा विभागमा कार्यरत शिक्षकहरुले त्रि.वि. अनुसन्धान निर्देशनालय, विश्व विद्यालय अनुदान आयोग तथा अन्य निकायबाट अनुसन्धान कार्यक्रमको अनुदान प्राप्त गरी सञ्चालित अनुसन्धान कार्यको विवरण तालिका ६ मा प्रस्तुत गरिएको छ।

तालिका :- ६ आ.व. २०७९/०८० मा प्राप्त अनुसन्धान परियोजनाको विवरण

| क्र.सं. | मुख्य अनुसन्धान कर्ता | अनुसन्धान परियोजनको किसिम शिर्षक | अनुदान दिने निकाय | अनुदान रकम | अवधि |
|---|---|---|---|---|---|
| १ | उपप्रा.डा.कमल प्रसाद आचार्य | **Entrepreneurship Through School Gardens for Sustainable Education in Public Schools in Nepal** | त्रि.वि., अनुसन्धान निर्देशनालय | रु.३५,००,००० | २ वर्ष |
| २ | प्रा.डा. शिव प्रसाद रिजाल | **Impact of Micgration on Agriculture and Livelihoods in Andhikhola Gaunpalika** | त्रि.वि., अनुसन्धान निर्देशनालय | रु.८,००,००० | २ वर्ष |

| ३ | प्रा.डा. गेमप्रसाद गुरुङ | **Transfermation Learning Through Integrated Curriculum: Challenges and Opportunitics** | त्रि.वि., अनुसन्धान निर्देशनालय | रु.८,१५,००० | २ वर्ष |
|---|---|---|---|---|---|

८) आ.व. २०७९/०८० मा पूजिगत तर्फको विकास बजेट अन्तर्गत विभागको पूर्वाधार निर्माण मर्मत तथा सम्भारका कार्य सम्पन्न भएको विवरण तालिका ७ मा प्रस्तुत गरिएको छ।

तालिका :- ७ आ.व. २०७९/०८० मा सम्पन्न विकास निर्माण तथा मर्मत कार्यको विवरण

| क्र.सं. | सम्पादिक कार्यको विवरण | लागत | स्रोत | अवस्था |
|---|---|---|---|---|
| १ | गोल घरको छाना मर्मत | १००,०००/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएको |
| २ | हेल्थ डेस्क निर्माण | १००,०००/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएको |
| ३ | बगैंचा निर्माण | ५००,०००/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएको |
| ४ | बगैंचामा फाउटिन सहित पोखरी निर्माण | ५००,०००/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएको |
| ५ | सरस्वतीको मूर्ति स्थापना | ४५,०००/- | त्रि.वि.,पूजिगत रकम | |
| ६ | नयाँ भवनको पछाडी ८७ मिटर लम्बाईमा तार बार | ५००,०००/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएको |
| ७ | गणित, शिक्षा आधार, नेपाली, भूगोल, अर्थशास्त्र, विज्ञान, अंग्रेजी, स्वास्थ्य तथा जनसंख्या शिक्षा र शैक्षिक योजना तथा व्यवस्थापन विभागमा शिक्षक कक्ष र शारीरिक शिक्षामा ड्रेस चेन्ज रुम निर्माण | १५,००,०००/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएको |
| ८ | विद्युतीय हाजिरीको डिभाइस, सि.सि. क्यामरा तथा डिभाइसको लागि **Back up** खरिद | ४३,९९६/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएको |
| ९ | नयाँ तथा पूरानो भवनको कोठाहरुमा विद्युत, प्रोजेक्टर मर्मत | ८८,६८४/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएका |
| १० | ३ वटा चिसो तातो पानीको मेसिन जडान | ११,६७०/- | त्रि.वि.,पूजिगत रकम | कार्य सम्पन्न भएका |

९) सि.आर.सि. ल्याइब्रेरीलाई केन्द्रीय पुस्तकालयको **e-Resource** मा **Link** गरी सि.आर.सि. पुस्तकालयबाट नै झण्डै पाँच करोड **Resource** मा पहुँच

१०) **QAA** प्रमाणिकरणका लागि विभागले पूरा गर्नु पर्ने अभिलेख तथा आवश्यक भौतिक पूर्वाधार निर्माणका कार्य सम्पन्न गरी हाम्रो **PRT** गठन समेत भै **PRT** टिम फिल्ड भिजितको क्रममा छ।

११) विश्व विद्यालय अनुदान आयोग, नेपाल राष्ट्रिय उच्च शिक्षा कार्यक्रम **(NHEP)** कार्यान्वयनको लागि विश्व बैंकको सहयोगमा उच्च शिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम **(Nurturing Excellence on Higher Education Program - NEHEP)** अन्तर्गत शिक्षाशास्त्र केन्द्रीय विभाग विस्तारित कार्य

सम्पादनमा आधारित अनुदान (Extended Performance Based Grants /EPBG) कार्यक्रममा छनौट भै कार्यक्रममा तोकिएका मापदण्ड र क्षेत्रअनुसार विभागको तर्फबाट १६ वटा प्रतिवेदन तयार गरी त्रि.वि. विशिष्टीकृत उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम कार्यन्वयन इकाइमा पेश गरी प्रमाणिकरणको क्रममा गएको छ ।

१२) आ. व. २०७९/०८० मा यस विभागमा सेवारत निम्न प्राध्यापक तथा कर्मचारीहरु सेवा निवृत भए ।

१) प्रा.डा. विनिय कुमार कुसियैत

२) प्रा.डा. रामकुमार घिमिरे

३) प्रा.डा. रामप्रसाद भट्टराई

४) प्रा.डा. बालमुकुन्द भण्डारी (स्वऐच्छिक अवकास)

५) शाखा अधिकृत माला श्रेष्ठ

१३) आ. व. २०७९/०८० मा यस विभागबाट निम्न प्राध्यापकहरु अन्य निकायमा काज खटिए ।

| | |
|---|---|
| १) प्रा.डा. विनोद प्रसाद ढकाल | उपकुलपति लुम्बिनि प्राविधिक विश्वविद्यालय |
| २) सहप्रा.डा. पूर्व बहादुर कँडेल | निर्देशक ODEC, त्रि.वि. |
| ३) सहप्रा. सुरेश जंग शाही | सहपरीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय त्रि.वि. |
| ४) प्रा.डा. रामनाथ ओझा | काज सरुवा पृथ्वीनारायण क्याम्पस, पोखरा |

१४) आ. व. २०७९/०८० मा अन्य निकायबाट सरुवा/काज सरुवा भै आएका शिक्षक/कर्मचारीहरु निम्नानुसार छन ।

१) उपप्रा.डा. कल्पना ज्ञवाली - स्वास्थ्य शिक्षा

२) उपप्रा.डा. प्रिती कुमारी मण्डल - अंग्रेजी शिक्षा

३) उपप्रा.डा. यादव प्रसाद आचार्य - शारीरिक शिक्षा

४) उपप्रा.डा. गुरु प्रसाद पौडेल - अंग्रेजी शिक्षा

५) उपप्रा.डा. शिवदत्त दवाडी - गणित शिक्षा

६) उपप्रा. अशोक सापकोटा - अंग्रेजी शिक्षा

७) उपप्रा. धनकृष्ण महत - भूगोल शिक्षा

८) उपप्रा.डा. कमल देवकोटा - अंग्रेजी शिक्षा

९) उप प्रशासक निरञ्जन खड्का - प्रशासन प्रमुख

१०) लेखा अधिकृत कमल प्रसाद दाहाल - लेखा प्रमुख

११) मु.ले.स. यशोदा सिलवाल - मु.ले.स. (पदस्थापना)

१५) आ. व. २०७९/०८० को यथार्थ आयव्यय विवरण

**यस वर्षको यथार्थ आम्दानी र निकाशा**

| शिर्षक | शिर्षक नाम | रकम |
|---|---|---|
| | | |
| १ | विद्यार्थीबाट उठेको रकम | 6,160,900.00 |
| २ | व्याजबाट उठेको रकम | 1,985,183.62 |
| ३ | अन्य आम्दानी | 1,934,304.68 |
| ४ | नियमित वजेट निकासा | 102,412,050.46 |
| ५ | थप बजेट निकासा | 1,540,077.00 |
| ६ | आन्तरिक श्रोत, धरौटीबाट | 3,622,802.09 |
| ७ | यस वर्षको घाटा | 16,111,093.35 |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**यस वर्षको यथार्थ पूजिगंत, संचालन र पेश्की खर्च**

| शिर्षक | शिर्षक नाम | रकम |
|---|---|---|
| **पुजिगत खर्च** | | |
| १ | पुस्तक | 190,078.50 |
| २ | कार्यालय उपकरण | 154,000.00 |
| ३ | विविध सम्पति | 2,741,146.32 |
| **संचालन खर्च** | | |
| १ | तलव शिक्षण | 88,053,511.76 |
| २ | अतिरिक्त तलव शिक्षण | 3,688,602.00 |
| ३ | तलव प्रशासन | 12,525,941.25 |
| ४ | भत्ता | 5,173,067.98 |
| ५ | संचयकोष अनुदान | 8,546,692.30 |
| ६ | उपदान तथा निवृत्तिभरणकोष | 4,466,950.10 |
| ७ | विद्युत तथा पानी | 76,700.00 |
| ८ | सेवा शुल्क | 59,200.00 |
| ९ | मर्मत संभार | 737,628.96 |
| १० | छपाई तथा मसलन्द | 443,914.00 |
| ११ | पत्रपत्रिका खर्च | 11,300.00 |
| १२ | अतिथि सत्कार | 46,410.00 |
| १३ | वैठक भत्ता | 402,675.00 |
| १४ | कार्यालय विविध | 2,087,258.20 |
| १५ | औषधी खर्च तथा सुविधा | 4,868.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १६ | प्रकाशन | 52,800.00 |
| | | | १७ | विद्यार्थी कल्याण | 114,375.00 |
| | | | १८ | अनुसन्धान | 969,511.50 |
| | | | १९ | छात्रवृत्ति | 1,582,992.00 |
| | | | | | **132,129,622.86** |
| | | | | हालसम्म गएको पेश्की रकम | 1,636,788.34 |
| | | **133,766,411.20** | | | **133,766,411.20** |

**१६) शैक्षिक सत्र २०७९/०८० देखि यस विभागको स्नातककोत्तर तहमा पठन पाठन हुने तपशिलका विषयहरुको अध्ययन अध्यापन विहानी सिफ्ट (६:३०-१२:३०) मा सञ्चालन गरिएको छ।**

**१) सूचना प्रविधि शिक्षा**

**२) विशेष आवश्यकता शिक्षा**

**३) शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**४) सामाजिक अध्ययन शिक्षा**

**५) भूगोल शिक्षा**

**६) राजनीतिकशास्त्र शिक्षा**

**७) इतिहास शिक्षा**

**८) पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## आ. व. २०८०/०८१ को प्रस्तावित कार्य योजना

यस शिक्षाशास्त्र केन्द्रीय विभागले नेपालको शैक्षिक जगतको जनशक्ति उत्पादन कार्य विगत लामो समयदेखि गर्दै आएको छ । दक्ष तथा तालिम प्राप्त शिक्षक तयारी शैक्षिक क्षेत्रको उच्च जनशक्ति उत्पादन र शिक्षा तथा विकासका आयाम र पहल कदमीमा नव प्रवर्द्धन अनुसन्धान प्रतिष्ठानसँग साझेदारीको माध्यमबाट त्रिभुवन विश्वविद्यालयले सञ्चालन गरेको उच्च शिक्षाको विशिष्टीकृत कार्यक्रमहरु उद्देश्य र लक्ष्य प्राप्त गर्ने गरी विभागले आ.व.२०८०/०८१ मा विभागको शैक्षिक तथा प्राज्ञिक प्रवर्द्धन, भौतिक पूर्वाधारको विकास तथा विस्तार र विभागले सञ्चालन गरेका कार्यक्रमहरुको उपलब्धी स्थानीय, राष्ट्रिय, प्रादेशिक तथा अन्तरराष्ट्रिय समुदायसामु पुऱ्याउने किसिमले निम्न कार्ययोजना तर्जुमा गरि आ. व. २०८०/०८१ मा कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेको छ ।

क) उच्च शिक्षा विशिष्टता प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program - NEHEP) अन्तर्गतको विस्तारित कार्यसम्पादनमा आधारित अनुदान (Extended Performance Based Grants - EPBG) कार्यक्रम सञ्चालनका लागि निम्न कार्य सम्पादन गर्ने ।

१) विभागको Profile, बार्षिक प्रतिवेदन, विद्यार्थी भर्ना तथा उर्त्तिण सम्बन्धी तथ्याङ्क अद्यावधि गरी प्रतिवेदन तयार गर्ने ।

२) विभागबाट उपाधि प्राप्त गरी विभिन्न क्षेत्रमा कार्यरत विभागका पूर्व विद्यार्थीहरुको Traser तयार गरी प्रतिवेदन बनाउने ।

३) विभागको सु-शासन तथा प्रभावकारी सेवा प्रवाहलाई सुनिश्चित गर्न विद्युतीय शासन (e-governence), अध्ययन अध्यापनमा विद्युतीयकरण र e-Library सुदृष्टिकरण गर्ने ।

४) क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम अन्तर्गत शिक्षक तथा कर्मचारीहरुलाई विद्युतीय माध्यममा पठन पाठन तथा प्रशासनिक सेवा सम्बन्धि तालिम प्रशिक्षण सञ्चालन गर्ने ।

५) समसामयिक शैक्षिक सवाल तथा प्राज्ञिक प्रवर्द्धन एवं जलवायु परिवर्तन सम्बन्धि गोष्ठि सञ्चालन गर्ने ।

६) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग साझेदारी (Collaboration) मा अनुसन्धान कार्यक्रम सञ्चालनका लागि प्रस्ताव तयार गरी पहल गर्ने ।

७) विभागमा रहेका विज्ञान शिक्षा, भूगोल शिक्षा, सूचना प्रविधि शिक्षा र शारीरिक शिक्षा विभागका प्रयोगशालाहरुको स्तर उन्नति गर्ने । साथै जीम (Gym) प्रयोगशाला स्थापना गर्ने ।

८) जलवायु परिवर्तन र यसका असरको न्यूनिकरण विभागबाट निम्न कुरा गर्ने ।

१) स्थानीय सरकारको सहयोग र सहभागीतामा जलवायु परिवर्तन ग्रहण क्षमता सम्बन्धि गाष्ठी आयोजना गर्ने ।

१) विभागको परिसरमा बातावरण मैत्री प्रयोगशाला तथा कक्षा कोठा लगायत परिसरमा प्लाष्टिक लगायत बातावरण प्रदुषण गर्ने सामाग्री प्रयोगमा प्रतिवन्ध लगाउने । प्रयोगशालाबाट निस्किने प्रदुषित पदार्थको सुरक्षित विसर्जन गर्ने ।

ख) विभागले **QAA** को लागि विगतदेखि गर्दै आएको पहल र प्रयासलाई निरन्तरता दिइ **QAA Certificate** प्राप्तिका लागि निम्न कार्य गर्ने ।

१) विभागको **Profile** लगायत सबै तथ्य तथ्याङ्क अवावधिक गर्ने ।

२) **EMIS Software** प्रयोगमा ल्याई शैक्षिक, प्रशासनिक सूचना अभिलेखिकरण गर्ने ।

३) मोटर साइकल, कार पार्किङ व्यवस्थित गर्ने ।

४) पूरानो भवनबाट नयाँ भवनमा जाने १२० मिटर बाटो पक्की बनाउने ।

५) **Teacher Cabin** मा **Furnishing** गर्ने ।

६) चमेना गृहको भौतिक पूर्वाधारको स्तर उन्नति गर्ने ।

७) पूरानो भवनको **Raftofitting** का लागि नेपाल सरकारसँग अनुरोध गर्ने ।

८) विभागमा हालसम्म भौतिक सम्पत्ति परिक्षण हुन नसक्दा विभागको नाममा देखिएको बेरुजुको भार न्यून गर्न विभागको भौतिक सम्पत्ति परिक्षण गर्ने ।

ग) विभागमा सञ्चालित **Online Mode** को कार्यक्रम व्यवस्थित गर्न शिक्षक तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

घ) विभाग अन्तर्गतको **RMC** लाई सक्रिय बनाई अनुसन्धान प्रकाशन, बहस, छलफल तथा अनुसन्धान प्राप्ति सम्बन्धि प्रस्तुतिकरण नियमित गर्ने ।

९) विभागको पठन पाठन तथा अनुसन्धान कार्यालय बढि प्रभावकारी एवम् विश्वविद्यालयले अङ्गिकार गरेको उच्च शिक्षा विशिष्टताको प्रवर्द्धन कार्यक्रम **(Nurturing Excellence on Higher Education Program - NEHEP)** कार्यान्वयनका लागि विश्वविद्यालय अनुदान आयोग लगायत अन्य निकायको सहयोगमा गोष्ठि सेमिनार तथा तालिम प्रशिक्षण सञ्चालन गर्ने ।

१०) विभागले विगतदेखि नेपालको शैक्षिक क्षेत्रको जनशक्ति उत्पादनमा निर्वाह गरेको भूमिकालाई थप प्रभावकारी तथा आकर्षक बनाउन **Non, Credit Course** तर्जुमा गरी कार्यान्वयन गर्ने ।